**अनुसूची-२**

(दफा ४ तथा अनुसूची -१ को भाग-२ सँग सम्बन्धित)

**मोदी गाउँपालिका**

# स्थानीय राजपत्र

**खण्ड-९ संख्या-२१ मिति २०८२/१२/०१**

**भाग-२**

नेपालको संविधान बमोजिम मोदी गाउँ कार्यपालिकाले बनाएको देहाय बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

## मुख्यमन्त्री नवप्रवर्द्धन साझेदारी कार्यक्रम (डिजिटल स्मार्ट कृषि प्रणाली परियोजना) सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२

### परिच्छेद-१
### प्रारम्भिक

**१. प्रस्तावनाः** आर्थिक वर्ष २०८२/०८३ मा मुख्यमन्त्री नवप्रवर्द्धन साझेदारी कार्यक्रम अन्तर्गत मोदी गाउँपालिकामा सञ्चालन हुने "डिजिटल स्मार्ट कृषि प्रणाली परियोजना" मार्फत कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि, प्रविधि हस्तान्तरण, मूल्य शृङ्खलामा आधारित क्रियाकलापलाई प्रोत्साहन र दिगो विकास गर्न वाञ्छनीय देखिएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी मोदी गाउँपालिकाको गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएर लागू गरेको छ।

**२. संक्षिप्त नाम र प्रारम्भः** (क) यस कार्यविधिको नाम "मुख्यमन्त्री नवप्रवर्द्धन साझेदारी कार्यक्रम (डिजिटल स्मार्ट कृषि प्रणाली परियोजना) सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२" रहेको छ।

(ख) यो कार्यविधि मोदी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ।

(ग) यो परियोजना आ.व. २०८२/०८३ भित्र सम्पन्न गरिनेछ।

**३. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "कार्यालय" भन्नाले मोदी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

(ख) "शाखा" भन्नाले मोदी गाउँपालिकाको कृषि विकास शाखालाई सम्झनु पर्दछ

(ग) "कृषक" भन्नाले व्यावसायिक रूपमा कृषि पेसामा संलग्न कृषक, कृषक समूह, कृषि व्यवसायी, कृषि फर्म र कृषि सहकारी समेतलाई सम्झनु पर्दछ।

(घ) "समिति" भन्नाले यस कार्यविधि बमोजिम गठन हुने मूल्याङ्कन तथा छनोट समितिलाई सम्झनु पर्दछ ।

(ङ) "व्यवसाय" भन्नाले कृषि व्यवसाय र कृषिजन्य वस्तुको उत्पादन, प्रशोधन तथा बजारीकरण गर्ने कार्यलाई सम्झनु पर्दछ।

(च) "अनुदान" भन्नाले कृषि कार्यक्रम सञ्चालनका लागि दिइने आर्थिक वा जिन्सी सहयोगलाई सम्झनु पर्दछ।

## परिच्छेद-२

## कार्यक्रमको ढाँचा

**४)परियोजना सञ्चालनको लागी निम्न बमोजिमको लाभग्राही र कार्यक्रम रहनेछन ।**

| कार्यक्रम | बाली तथा विविध | परिलक्षित समूह |
|---|---|---|
| रैथाने बाली क्षेत्र विस्तार | अदुवा वेसार | सहकारी, कृषक समूह, कृषि फर्म |
| क्षेत्र विस्तार | अलैंची, कफी र सुन्तला | सहकारी, कृषक समूह, कृषि फर्म |
| प्रशोधन , ब्रान्डीङ र प्याकेजिङ | अदुवा वेसार, अलैंची, कफी र सुन्तला | सहकारी, कृषि कम्पनी , कृषक समूह, कृषि फर्म, कृषि उद्यमी |
| सिंचाइ प्रणाली | लिफ्ट, साना सिँचाई, थोपा सिँचाइ,पाईप तथा सिँचाई प्रणालीमा | सहकारी, कृषक समूह, कृषि फर्म |

| | | |
|---|---|---|
| **कृषि औजार तथा उपकरण** | मिनिटिलर, ब्रस कटर तथा अन्य औजार उपकरण | सहकारी, कृषक समूह, कृषि फर्म, व्यवसायिक कृषक,कृषक |
| **नर्सरी स्थापना** | अलैंची, कफी र सुन्तला | सहकारी, कृषक समूह, कृषि फर्म |
| **प्लाष्टीक टनेल निर्माण** | तरकारी मसलाबाली तथा नगदेबाली | सहकारी, कृषक समूह, कृषि फर्म |
| **उत्पादन तथा उत्पादकत्व वृद्धी कार्यक्रम** | कृषि जन्य बालीहरु | सहकारी, कृषक समूह, कृषि फर्म, व्यवसायिक कृषक तथा कृषक, |
| **डिजिटल स्मार्ट कृषि सामाग्रीहरु** | कृषि एप, वेभ पोर्टल निर्माण तथा कप्युटरजन्य सामाग्री खरिद | कृषक तथा कृषि सरोकारवाला |

**५) कृषकसँगको लागत साझेदारी तथा अनुदानको मापदण्डः**

स्वीकृत कार्यक्रम बमोजिम लाभग्राहिलाई उपलब्ध गराइने अनुदान तथा साझेदारीको सीमा देहाय बमोजिम हुनेछः

| **क्र.सं.** | **कार्यक्रमको विवरण** | **अनुदान/साझेदारी सीमा (अधिकतम)** |
|---|---|---|
| १ | **नर्सरी संरचना निर्माण** | **७५%** |
| २. | प्रशोधन , ब्रान्डीङ र प्याकेजिङ | ७५% |
| ३. | सिंचाइ प्रणाली (पाइप टेक्की थोपा सिचाइ | ७५% |
| ४. | **कृषि औजार तथा उपकरण** | ७५% |
| ५. | **रैथाने बाली क्षेत्र विस्तार** | ९०% |
| ६ | **अलैंची ,कफी तथा सुन्तला क्षेत्र विस्तार** | ७५% |
| ७ | **प्लाष्टीक टनेल निर्माण** | ५०% |
| ८ | **लिफ्ट तथा साना कुलो सिचाइ** | ९०% |

**सार्वजनिक पूर्वाधारको हकमा शत प्रतिशत सम्म अनुदान दिन सकिने ।**

## परिच्छेद-२

## परियोजनाको वित्तीय व्यवस्थापन, क्षेत्र तथा मापदण्ड

**६. वित्तीय व्यवस्थापन तथा लागत साझेदारीः**

यस परियोजना सञ्चालनका लागि प्रदेश सरकारले ७५ प्रतिशत र मोदी गाउँपालिकाले २५ प्रतिशत रकम व्यहोर्ने छन्। लाभग्राही कृषक वा समूहले दफा ६ मा तोकिए बमोजिमको लागत साझेदारी गर्नुपर्नेछ।

**७. कार्यक्रम विवरणः** यस कार्यक्रम अन्तर्गत रैथाने बाली (अदुवा, बेसार), सुन्तला, अलैंची र कफी बालीलाई प्राथमिकीकरण गरी देहाय बमोजिमका क्रियाकलापहरू सञ्चालन गरिनेछः

**(क) क्षेत्र विस्तार तथा नर्सरी स्थापनाः**

- सुन्तला, कफी तथा अलैंची खेतीमा अनुदान
- कृषि औजार खरिदमा अनुदान (क्षेत्र विस्तारको लागि विशेष प्राथमिकता दिदैं समग्र उत्पादन तथा उत्पादकत्व वृद्धीमा सहयोग पुग्ने)
- रैथाने बाली खेती विस्तार अनुदान
- फलफूल बिरुवा खरिद तथा वितरण
- प्लाष्टीक टनेल निर्माण

**(ख) प्रशोधन, ब्रान्डिङ तथा प्याकेजिङः**

- प्रशोधन केन्द्र स्थापना र सञ्चालन (क्षेत्र विस्तार हुने बालिमा)

**(ग) कृषि उपजको डिजिटल बजारीकरणः**

- डिजिटल प्रणाली तथा मोबाइल एप विकास, परीक्षण तथा सञ्चालन

**(घ) सिँचाइ प्रणालीः**

- लिफ्ट, साना सिँचाई थोपा सिँचाइ,पाईप तथा सिँचाई प्रणालीमा अनुदान

**(ङ) तालिम, गोष्ठी तथा जनशक्ति परिचालनः**

- स्थलगत तथा व्यावसायिक तालिम, नर्सरी स्थापना तालिम
- व्यावसायिक कृषकलाई भ्रमण र गोष्ठी सञ्चालन
- गणक तथा प्राविधिक कर्मचारी क्षमता अभिवृद्धि र परिचालन

**(च) विविधः**

- अनुगमन, भ्रमण तथा प्राविधिक अध्यन र सार्वजनिक सुनुवाइ

**८. जग्गाको न्यूनतम मापदण्डः**

(क) कफी, अलैंची, र सुन्तलाको लागीः व्यक्तिगत कृषि फर्मको हकमा ५ रोपनी र संस्थागत/समूहको हकमा न्यूनतम १० रोपनी।

(ख) रैथाने बाली (अदुवा वेसारको लागीः व्यक्तिगत कृषि फर्मको हकमा २ रोपनी र संस्थागत/समूहको हकमा न्यूनतम ५ रोपनी।

(ग) लिज (भाडा) को जग्गामा कार्यक्रम सञ्चालन हुने भएमा सम्बन्धित जग्गाधनीसँग कम्तीमा १० वर्षको करार सम्झौता (Lease Agreement) गरेको हुनुपर्नेछ।

## परिच्छेद-३
## छनोट प्रक्रिया तथा समिति

### ९. सूचना प्रकाशन सम्बन्धी व्यवस्थाः

(क) कार्यक्रममा सहभागी हुन कम्तीमा ७ (सात) दिने सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव आह्वान गरिनेछ।

(ख) निर्धारित समयभित्र पर्याप्त प्रस्ताव दर्ता हुन नआएमा कार्यालयले पुनः ७ दिने म्याद थप गरी सूचना प्रकाशन गर्न सक्नेछ।

### १०. आवेदन पेश सम्बन्धी व्यवस्थाः

(क) कार्यक्रम सञ्चालनका लागि इच्छुक प्रस्तावकहरूले सूचनामा तोकिए बमोजिमका कागजातहरू संलग्न राखी निर्धारित समयभित्र आवेदन दर्ता गर्नुपर्नेछ।

(ख) म्याद नाघी वा रीत नपुगी प्राप्त हुन आएका प्रस्तावहरू उपर कुनै कारबाही हुने छैन।

(ग) *प्रस्तावसाथ अनिवार्य संलग्न गर्नुपर्ने कागजातहरूः*

- अनुसूची-१ बमोजिमको आवेदन फाराम।
- सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र।
- आवेदकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।
- कृषक समूह/संस्था/व्यवसाय/कम्पनी/फर्म दर्ता, नवीकरण र स्थायी लेखा नं. (PAN) वा भ्याट (VAT) दर्ता प्रमाणपत्रको प्रतिलिपि।
- अघिल्लो आर्थिक वर्षको लेखा परीक्षण प्रतिवेदन र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि।
- जग्गाको स्वामित्व खुल्ने लालपुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिएको हकमा कम्तीमा १० वर्षको करार सम्झौता पत्र।

(घ) कृषकको हकमाः

- आवेदन फाराम।
- सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र।
- आवेदकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।

**११. मूल्याङ्कन तथा छनोट समितिः**

क) यस परियोजना अन्तर्गत प्राप्त प्रस्तावहरूको प्रारम्भिक छनोट, स्थलगत प्रमाणीकरण (Field Verification) र अन्तिम छनोटका लागि देहाय बमोजिमको एक मूल्याङ्कन तथा छनोट समिति रहनेछः

(क) गाउँपालिका अध्यक्ष — संयोजक

(ख) गाउँपालिका उपाध्यक्ष — सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत — सदस्य

(घ) आर्थिक समितिको संयोजक — सदस्य

(ङ) प्रशासन शाखा प्रमुख — सदस्य

(च) आर्थिक प्रशासन शाखा प्रमुख — सदस्य

(छ) पशु सेवा शाखा प्रतिनिधि — सदस्य

(ज) कृषि विकास शाखा प्रतिनिधि — सदस्य

(झ) कृषि विकास शाखा प्रमुख — सदस्य सचिव

**ख)समितिको काम, कर्तव्य र अधिकारः**

- समितिले प्राप्त प्रस्तावहरूको मूल्याङ्कन गरी प्राथमिकता क्रम तोकी लाभग्राही छनोट गर्नेछ।
- समितिले आवश्यकता अनुसार बढीमा २ (दुई) जनासम्म विषय विज्ञ वा सरोकारवाला निकायका प्रमुख/प्रतिनिधिलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।
- उपलब्ध बजेटका आधारमा समितिले प्रस्ताव स्वीकृत वा अस्वीकृत गर्न सक्नेछ र अनुदान रकम यकिन गरी सम्झौताका लागि सिफारिस गर्नेछ।
- समितिले सम्बन्धित वडाको वडाध्यक्ष वा निजले तोकेको जनप्रतिनिधि समेतको संलग्नतामा प्राविधिक टोली परिचालन गरी स्थलगत प्रमाणीकरण (Field Verification) गर्न सक्नेछ।
- सम्झौता अनुसार कार्य प्रगति सन्तोषजनक नभएमा वा कार्य सम्पन्न हुन नसक्ने देखिएमा समितिले अनुदान रकम वा सम्झौता रद्द गर्न सक्नेछ।

ग) मुल्याकंनका आधार

- यस कार्यक्रममा अनुदानग्राहीको छनौटको आधार अनुसुची २ र ३ बमोजिम हुनेछ।
- दफा ११ बमोजिम मुल्याकंन गर्दा दफा ८ मा उल्लेखित जग्गाको मापदण्ड पुरा नगरि लाभग्राही छनौट गरिने छैन ।

## परिच्छेद-४
## कार्यान्वयन, भुक्तानी र अनुगमन

**१२. अनुदान प्रवाहका अनिवार्य सर्तहरू:**

(क) विगत २ (दुई) वर्षभित्र प्रदेश मन्त्रालय, सङ्घीय मन्त्रालय वा मातहतका निकायबाट सोही प्रकृतिको कामका लागि अनुदान प्राप्त गरेका आवेदकहरू पुनः यस कार्यक्रमको अनुदानका लागि योग्य मानिने छैनन्।

(ख) अनुदान प्राप्त गर्ने प्रस्तावकले कम्तीमा ५ (पाँच) वर्षसम्म अनिवार्य रूपमा व्यवसाय सञ्चालन गर्नुपर्नेछ।

(ग) अनुदानका लागि प्रस्ताव पेश गर्ने सङ्गठित संस्था अनिवार्य रूपमा दर्ता भएको, कर चुक्ता गरेको, नियमित लेखा परीक्षण भएको र कुनै कारबाहीमा नपरेको हुनुपर्नेछ।

(घ) लाभग्राहीले मेसिनरी तथा उपकरण खरिद गर्नुपरेमा सोको स्पेसिफिकेसन (Specification) र दरभाउपत्र (Quotation) कार्यालयमा पेश गरी पूर्व स्वीकृति लिएर मात्र खरिद गर्नुपर्नेछ।

(ङ) अनुदानमा प्राप्त उपकरण वा सामग्री उद्देश्य विपरीतका कार्यहरूमा प्रयोग गर्न पाइने छैन।

**१३. भुक्तानी प्रक्रिया:**

(क) कार्यक्रमको प्रकृती अनुसार सम्बन्धित शाखाले तयार पारेको कार्यसम्पन्न प्रतिवेदनको आधारमा लाभग्राहीलाई भुक्तानी दिइनेछ। लाभग्राहीले आफ्नो लागत साझेदारीको कार्य सम्पन्न गरेपछि मात्र अनुदान रकम उपलब्ध गराइनेछ।

(ख) भौतिक निर्माणको हकमा प्राविधिकले तयार गरेको रनिङ बिल, नापी किताब (Measurement Book), कार्यसम्पन्न प्रतिवेदन, बिल बिजक र तस्बिर (Photographs) सहित सम्बन्धित वडा कार्यालयको सिफारिस पेश गरेपछि मात्र भुक्तानी प्रक्रिया अगाडि बढाइनेछ।

(ग) अनुदान रकम भुक्तानी गर्दा प्रचलित कानुन बमोजिम लाग्ने कर तथा कन्टिन्जेन्सी कट्टा गरी भुक्तानी गरिनेछ।

**१४. कारबाही तथा असुली:** अनुदानको रकम दुरुपयोग भएको पाइएमा वा तोकिएको अवधि (५ वर्ष) सम्म व्यवसाय सञ्चालन नगरी हिनामिना गरेमा त्यस्ता अनुदानग्राहीबाट प्रचलित कानुन बमोजिम सरकारी बाँकी सरह अनुदान रकम असुलउपर गरिनेछ।

**१५. अनुगमन र मूल्याङ्कन:**

(क) आवश्यकता अनुसार लाभग्राही छनोट, कार्यान्वयन तथा भुक्तानी प्रयोजनका लागि मूल्याङ्कन तथा छनोट समिति, सरोकारवाला र प्राविधिक टोलीबाट कार्यक्रमको अनुगमन गरिनेछ।

(ख) अनुदानको उपयोग, प्रगतिको अवस्था र सम्झौताका सर्तहरू पालना भए/नभएको सम्बन्धमा कृषि विकास शाखाले नियमित अनुगमन गर्नेछ।

(ग) अनुगमन टोलीले दिएको निर्देशन पालना गर्नु सम्बन्धित लाभग्राहीको कर्तव्य हुनेछ।

(घ) कार्यक्रम स्थलमा सबैले बुझ्ने भाषामा होर्डिङ बोर्ड (Hoarding Board) तयार गरी आयोजनाको नाम, अनुदान रकम र कामको विवरण खुल्ने गरी सार्वजनिक जानकारीका लागि राख्नु पर्नेछ।

**१६. बाधा अड्काउ फुकाउः**

यस कार्यविधि कार्यान्वयनको सम्बन्धमा कुनै दुविधा वा बाधा उत्पन्न भएमा सोको निरूपण गाउँ कार्यपालिकाले गर्नेछ। यस कार्यविधिमा उल्लेख नभएका अन्य विषयहरू प्रचलित कानुन बमोजिम हुनेछन्।

**१७. संशोधनः** यो कार्यविधि मोदी गाउँपालिकाको गाउँ कार्यपालिकाले आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ।

## अनुसूची-१

*(दफा ९ को उपदफा २ सँग सम्बन्धित)*

## मुख्यमन्त्री नवप्रवर्द्धन साझेदारी कार्यक्रम (डिजिटल स्मार्ट कृषि प्रणाली परियोजना) का लागि प्रस्ताव/आवेदन फाराम

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
मोदी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, पातिचौर, पर्वत ।

**विषयः लागत साझेदारीमा कार्यक्रम सञ्चालन गर्न प्रस्ताव पेश गरेको सम्बन्धमा।**

उपरोक्त विषयमा यस कार्यालयबाट मिति २०८२/..../.... मा प्रकाशित सार्वजनिक सूचना बमोजिम सञ्चालन हुन गइरहेको "डिजिटल स्मार्ट कृषि प्रणाली परियोजना" अन्तर्गत तोकिएको मापदण्ड र सर्तहरूको पूर्ण रूपमा पालना गर्ने गरी लागत साझेदारीमा देहाय बमोजिमको कार्यक्रम सञ्चालन गर्न इच्छुक भएकोले सम्पूर्ण आवश्यक कागजातहरू संलग्न राखी यो प्रस्ताव पेश गरेको छु/छौं।

### १. प्रस्तावकको विवरणः

| क स | विवरण | विवरण भर्ने स्थान |
|---|---|---|
| क | कृषक/फर्म/समूह/सहकारी/कम्पनीको नामः | |
| ख | ठेगानाः वडा नः टोलः स्थानः | |
| ग | सम्पर्क व्यक्तिको नामः | |
| घ | पदः | |
| ङ | सम्पर्क नः | |
| च | दर्ता निकाय र मितिः | |
| छ | प्यान/भ्याट (PAN/VAT) नः | |
| ज | क्षेत्रफलः | |

## २.प्रस्तावित कार्यक्रमको विवरण

| क.सं. | कार्यक्रमको क्षेत्र (माग गर्नेमा '✓' लगाउनुहोस्) | प्रस्तावित बाली / सामग्री / उपकरणको विवरण | कार्यक्रम सञ्चालन हुने क्षेत्रफल | माग परिमाण / क्षमता | जग्गाको स्वामित्व (आफ्नै वा भाडामा) |
|---|---|---|---|---|---|
| 1 | [ ] क्षेत्र विस्तार | | | | |
| 2 | [ ] नर्सरी स्थापना (सुन्तला / कफी / अलैंची) | | | | |
| 3 | [ ] कृषि यान्त्रीकीकरण (औजार / उपकरण / टनेल) | | | | |
| 4 | [ ] प्रशोधन केन्द्र स्थापना (कफी / अलैंची) | | | | |
| 5 | [ ] सिँचाइ प्रणाली (थोपा सिँचाइ / अन्य) | | | | |

## ३. प्रस्तावित कार्यक्रमको अनुमानित लागत विवरण

| | |
|---|---|
| कुल अनुमानित लागत रु. | |
| प्रस्तावकले व्यहोर्ने साझेदारी रकम रु. | |
| कार्यालयबाट माग गरिएको अनुदान रकम रु. | |

**४. स्वघोषणाः**

१. विगत २ (दुई) वर्षभित्र यसै प्रकृतिको कामका लागि नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट कुनै पनि अनुदान प्राप्त गरेको छैन/छैनौं।

२. प्रस्ताव स्वीकृत भई छनोट भएमा कार्यविधिमा तोकिए बमोजिमको आफ्नो तर्फको लागत साझेदारी रकम व्यहोर्ने र सम्झौता अनुसार कम्तीमा ५ (पाँच) वर्षसम्म निरन्तर व्यवसाय सञ्चालन गर्नेछु/गर्नेछौं।

३. यस फाराममा उल्लेखित विवरणहरू पूर्ण रूपमा सत्य छन्। झुटो ठहरिएमा कानुन बमोजिम सरकारी बाँकी सरह असुलउपर भएमा पूर्ण मञ्जुरी छ।

**५. संलग्न कागजातहरूः**

वडा कार्यालयको सिफारिस पत्र

नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

जग्गाधनी प्रमाणपुर्जा वा कम्तीमा १० वर्षे भाडा सम्झौता पत्रको प्रतिलिपि

संस्था/फर्म/समूह दर्ता, नवीकरण प्रमाणपत्रको प्रतिलिपि (संस्था/फर्मको हकमा)

कर चुक्ता प्रमाणपत्र /लेखा परीक्षण प्रतिवेदन (संस्था/फर्मको हकमा)

**प्रस्ताव पेश गर्नेको तर्फबाटः**

दस्तखतः ...........................................

नामः ...........................................

पद (संस्था/समूह भएमा)ः .....................................

मितिः २०८२/..../....

संस्थाको छापः

# अनुसूची-२

## प्रस्ताव मूल्याङ्कन (क) अनुसूची-२

प्रस्ताव मूल्याङ्कन (क)

| क.स | विवरण | अंकभार |
|---|---|---|
| १ | **आवश्यक कागजातहरुको संलग्नता** | **६** |
| | फर्म दर्ता प्रमाणपत्र | १ |
| | करचुक्ता प्रमाणपत्र | १ |
| | PAN नं | १ |
| | लालपूर्जा र अरुको जग्गा भएमा सम्झौता | १ |
| | नागरिकताको प्रतिलिपि | १ |
| | वडाको सिफारिस | १ |
| २ | **लक्षित वर्ग क्षेत्र र मापदण्ड अनुरुप आवेदकको उपयुक्तता** | **१२** |
| | लक्षित वर्ग(कृषि फर्म कृषि सहकारी कृषक समूह) | २ |
| | क्षेत्र | २ |
| | मापदण्ड | ८ |
| ३ | **प्रस्तावित कार्ययोजना अनुरुपको सामाजिक भौगोलिक र वातावरणीय उपयुक्तता** | **१२** |
| | सामाजिक उपयुक्तता | ४ |
| | भौगोलिक उपयुक्तता | ४ |
| | वातावरणीय उपयुक्तता | ४ |
| ४ | **कार्ययोजनामा प्रस्तावित क्रियाकलापहरुको सान्दर्भिकता र कार्यक्रमसँगको तालमेल** | **१५** |
| | क्रियाकलापको सान्दर्भिकता | ५ |
| | कार्यक्रमसँगको तालमेल | १० |
| ५ | **कार्ययोजनामा लागत साझेदारीको आँकलन** | **५** |
| | **जम्मा** | **५०** |

अनुसुची ३

**प्रस्ताव मूल्याङ्कन (ख)**

**मिनि टेलर तथा वहुउपयोगी औजार खरिदमा अनुदान मुल्यांकन आधार**

| क.स. | नाम | अंक |
|---|---|---|
| १. | जग्गा | |
| | ५ रोपनी भन्दा कम | २० |
| | ५ रोपनी भन्दा बढी | १० |
| २. | घर | |
| | ढलान | १० |
| | टिन | १५ |
| | खर | २० |
| ३. | अन्य परिवार | |
| | अन्य पेसा | १० |
| | मुख्य पेसा कृषि | २० |
| ४. | उमेर | |
| | २०-५० | १० |
| | अन्य | ५ |
| ५. | अन्य अनुदान लिएको भए | ० |
| | अनुदान नलिएको भए | २० |
| ६. | सिमान्तकृत | १० |
| | अन्य | ५ |

- मुल्यांकन गर्दा अंक समान भएमा वार्षिक आय र रोजगारीको अवस्था विश्लेषण गरि कम आय भएका र भौगोलिक क्षेत्रको आधारमा खनजोतको प्रवन्ध मिल्ने गरि छनौट गर्न सकिनेछ ।
- मुल्यांकन गर्दा वडा अनुसार कोटा छुटाइ वडा कार्यालयले समेत सिफारिस आधारमा छनौट गर्न सकिने छ ।

**आज्ञाले**
**बाबुराम पुरी**
**प्रमुख प्रशासकीय अधिकृत**